# स्थानीय राजपत्र

देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७, संख्याः १०, मितिः २०८०/०३/२५

## भाग–१

## देवघाट गाउँपालिकाको विनियोजन ऐन, २०८०

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको विनियोजन ऐन, २०८०

गाउँसभामा स्वीकृत भएको मितिः २०८०।०३।२५
प्रमाणीकरण र प्रकाशन मितिः २०८०।०३।२५

**प्रस्तावनाः** देवघाट गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२९ को उप-धारा (२) बमोजिम देवघाट गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " **देवघाट गाउँपालिकाको विनियोजन ऐन, २०८०**" रहेको छ।

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि लागू हुनेछ।

२. **आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५२,९८,५०,१३६.०० (अक्षेरुपी बाउन्न करोड अन्ठानब्बे लाख पचास हजार एक सय छत्तीस रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३.** यस ऐन प्रारम्भ भएपछि गाउँपालिकालाई जुनसुकै श्रोतबाट प्राप्त हुने रकम नियमानुसार खर्च गर्न सक्नेछ र त्यसरी खर्च गरेको रकम यसै ऐनबाट विनियोजन भए सरह मानिनेछ।

४. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त देवघाट गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

<table>
<tr><th>क्र.सं.</th><th colspan="2">शीर्षकको नाम</th><th>चालू खर्च</th><th>पूँजीगत खर्च</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td colspan="2">२.</td><td>३.</td><td>४.</td><td>५.</td></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">गाउँपालिका</td><td>संघ (सशर्त र समपुरक)</td><td>२०,६२,००</td><td>२,९०,००</td><td>२३,५२,००</td></tr>
<tr><td>प्रदेश (सशर्त, समपुरक र विशेष)</td><td>०</td><td>१,२५,००</td><td>१,२५,००</td></tr>
<tr><td>२.</td><td colspan="2">वडा समिति</td><td>१,२३,५०</td><td>४,४६,५०</td><td>५,७०,००.००</td></tr>
<tr><td>३.</td><td colspan="2">विषयगत शाखा</td><td>११,३३,४०.२६५</td><td>११,१८,०९.८७१</td><td>२२,५१,५०.१३६</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३३,१८,९०.२६५</td><td>१९,७९,५९.८७१</td><td>५२,९८,५०.१३६</td></tr>
</table>

आज्ञाले,

**रमेश सुवेदी**

प्रमुख प्रशासकीय अधिकृत